नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
लघुवित्त प्रवर्द्धन तथा सुपरीवेक्षण विभाग
ग्रामीण स्वावलम्बन कोषको सचिवालय
बालुवाटार, काठमाडौं
नेपाल ।
फोन नं. ०१-४४१२८२३, फ्याक्स नं. ०१-४४१२२२४
Email : rsrf@nrb.org.np Url : www.nrb.org.np

# ग्रामीण स्वावलम्बन कोष

## सञ्चालन निर्देशिका, २०७४

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
लघुवित्त प्रवर्द्धन तथा सुपरीवेक्षण विभाग
ग्रामीण स्वावलम्बन कोषको सचिवालय

# ग्रामीण स्वावलम्बन कोष

## सञ्चालन निर्देशिका, २०७४

### प्रस्तावना

ग्रामीण क्षेत्रमा बसोबास गरिरहेका आर्थिक दृष्टिकोणले कमजोर तथा विपन्न वर्गका जनताको आर्थिक उत्थानका लागि आय एवम् रोजगारमूलक व्यवसाय सञ्चालन गर्न सहकारी तथा गैर-सरकारी संस्था र लघुवित्त वित्तीय संस्थाहरू मार्फत आवश्यक वित्तीय सहयोग उपलब्ध गराई त्यस्ता परिवारहरूको आर्थिक तथा सामाजिकस्तरमा सुधार ल्याउने उद्देश्यका साथ वि.सं. २०४७ फागुन १७ गतेको नेपाल सरकार मन्त्रिपरिषदको निर्णयबाट "ग्रामीण स्वावलम्बन कोष" को स्थापना भएको हो ।

कोषको उद्देश्य परिपूर्तिका लागि कोषले ग्रामीण क्षेत्रमा कार्य गर्ने सहकारी एवम् लघुवित्त सम्बन्धी कारोबार गर्ने बैंक तथा वित्तीय संस्थाहरूलाई समेत दीर्घकालीन कर्जाको उपलब्धता मार्फत ग्रामीण क्षेत्रमा रहेका विपन्न वर्गका जनतामा स्वावलम्बनको भावना जागृत गराई आय एवम् रोजगारमूलक कार्यक्रमहरूको सञ्चालन मार्फत जीवनस्तर सुधार गर्न सहयोग पुऱ्याउँदै आएको छ ।

विगतमा बचत तथा ऋण कारोबार गरिरहेका सहकारी संस्था तथा गैरसरकारी संस्था मार्फत कर्जा प्रवाह गर्ने व्यवस्था रहेकोमा हाल लघुवित्तको क्षेत्रमा कार्य गर्ने संस्थाहरूको उपस्थिति एवम् कारोबार ग्रामीण क्षेत्रमा दिनानुदिन बढ्दै गएको, ती संस्थाहरूमा लगानीयोग्य साधन समेत सहज रहेको र कोषबाट सहकारी संस्था मार्फत प्रवाह भएको कर्जा बढी प्रभावकारी र सुरक्षित पाइएको एवम् कोषको लगानी क्षमतालाई समेत मध्यनजर गर्दा सहकारी संस्थाहरू मार्फत मात्र कर्जा प्रवाह गर्नु बढी उपयोगी हुने देखिन्छ ।

कोषको औचित्य र आवश्यकतालाई महशुस गरी कोष सञ्चालनार्थ समय-समयमा नेपाल सरकार र नेपाल राष्ट्र बैंकले बीज पुँजी उपलब्ध गराउँदै आएका छन् । कोषबाट ग्रामीण विपन्न जनतालाई कर्जा प्रवाह गर्ने गरी सहकारी संस्थाहरूलाई थोक कर्जा उपलब्ध हुने व्यवस्था गरिएको छ । बदलिँदो परिप्रेक्ष्यमा कोषको लगानीलाई सुरक्षित र व्यवस्थित बनाउने उद्देश्य अनुरूप ग्रामीण स्वावलम्बन कोष सञ्चालक समितिले यो निर्देशिका बनाई नेपाल सरकारको स्वीकृति लिई लागू गरेको छ ।

# विषय सूची


| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| १ | कोषको परिचय, उद्देश्य र सञ्चालन व्यवस्था | १ |
| २ | सहकारी संस्थाहरू मार्फत् विपन्न वर्गमा प्रवाह हुने कर्जा सम्बन्धी व्यवस्था | ४ |
| ३ | अर्थोडक्स चिया उत्पादन गर्ने हाते चिया प्रशोधन कारखाना स्थापना सम्बन्धी व्यवस्था | ११ |
| ४ | ब्याजदर सम्बन्धी व्यवस्था | १२ |
| ५ | विविध | १३ |

# परिच्छेद- १

## कोषको परिचय, उद्देश्य र सञ्चालन व्यवस्था

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम "ग्रामीण स्वावलम्बन कोष सञ्चालन निर्देशिका, २०७४" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृति प्राप्त भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा -

(क) "कोष" भन्नाले ग्रामीण स्वावलम्बन कोष सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले दफा ४ को उपदफा (१) बमोजिम गठन भएको ग्रामीण स्वावलम्बन कोष सञ्चालक समिति सम्झनु पर्छ ।

(ग) "उप-समिति" भन्नाले दफा ४ को उपदफा (५) बमोजिम गठन भएको ग्रामीण स्वावलम्बन कोष उप-समिति सम्झनु पर्छ ।

(घ) "विभाग" भन्नाले नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग सम्झनु पर्छ ।

(ङ) "सचिवालय" भन्नाले कोषको सचिवालय नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग सम्झनु पर्छ ।

(च) "सहकारी संस्था" भन्नाले प्रचलित सहकारी ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भई सञ्चालन भएको बचत तथा ऋण सम्बन्धी कार्य गर्ने जुनसुकै सहकारी संस्था सम्झनु पर्छ ।

(छ) "थोक कर्जा" भन्नाले लक्षित वर्गमा प्रवाह गर्ने गरी सहभागी सहकारी संस्थालाई कोषबाट प्रवाह गरिने कर्जा सम्झनु पर्छ ।

(ज) "लक्षित वर्ग" भन्नाले दफा ६ बमोजिमको मापदण्डभित्र पर्ने आर्थिक दृष्टिले कमजोर तथा विपन्न वर्गलाई सम्झनु पर्छ ।

(झ) "आन्तरिक श्रोत" भन्नाले सहकारी संस्थाको संकलित शेयर पुँजी, नियमित निक्षेप/बचत, जगेडा कोष, अन्य कोष, अनुदान, सञ्चित नाफा आदिलाई सम्झनु पर्छ ।

(ञ) "नियमित निक्षेप/बचत" भन्नाले सहकारी संस्थाका शेयर सदस्यहरूले आवधिक रूपमा जम्मा गरेको निक्षेपलाई सम्झनु पर्छ ।

(ट) "ग्रामीण क्षेत्र" भन्नाले काठमाडौं उपत्यका, महानगरपालिका र उप-महानगरपालिका बाहेकका क्षेत्रलाई जनाउनेछ ।

नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृति प्राप्त मिति २०७४/१०/२९



३. कोषको उद्देश्य : कोषको उद्देश्य देहायबमोजिम हुनेछ :

(क) सहकारी संस्थाहरू मार्फत ग्रामीण क्षेत्रमा बसोबास गरिरहेका विपन्न वर्गका जनतालाई आय एवम् स्वरोजगारमूलक कर्जा कार्यक्रममा संलग्न गराउन सहयोग पुऱ्याउनका लागि नेपाल सरकार, नेपाल राष्ट्र बैंक लगायत अन्य दातृ राष्ट्र वा संस्थाहरूबाट प्राप्त बीज पुँजी एवम् कोषको आम्दानी रकम समेत परिचालन गर्ने ।

(ख) विपन्न वर्गको आर्थिक-सामाजिक उत्थानका लागि सहायक हुने आवश्यक कार्यहरू गर्ने, र

(ग) कोषमा आबद्ध भई लक्षित वर्गमा कर्जा प्रवाह गरेका सहकारीलाई सञ्चालन स्व:सक्षमता हासिल गर्न सहयोग गर्ने ।

४. कोष सञ्चालन व्यवस्था : (१) कोषको सञ्चालन नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नरको अध्यक्षतामा गठित देहायबमोजिमको ग्रामीण स्वावलम्बन कोष सञ्चालक समितिले गर्नेछ :

| | | |
|---|---|---|
| (क) | डेपुटी गभर्नर, नेपाल राष्ट्र बैंक | अध्यक्ष |
| (ख) | सह-सचिव, अर्थ मन्त्रालय | सदस्य |
| (ग) | सह-सचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सदस्य |
| (घ) | सह-सचिव, सहकारी तथा गरिबी निवारण मन्त्रालय | सदस्य |
| (ङ) | कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग | सदस्य-सचिव |

(२) आवश्यकता अनुसार समितिको बैठकमा बढीमा दुई जनासम्मलाई आमन्त्रित सदस्यको रूपमा आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिले आफ्नो बैठक सम्बन्धी सम्पूर्ण कार्यविधि आफैँले निर्धारण गर्न सक्नेछ ।

(४) समितिको कार्य देहायबमोजिम हुनेछ :

(क) दफा ३ को खण्ड (क) बमोजिम कोषमा प्राप्त रकम परिचालनका लागि आवश्यक व्यवस्था गर्ने,

(ख) कोषबाट उपलब्ध गराइने कर्जा लगानी, असुली, अपलेखन तथा सोको व्यवस्थापनका सम्बन्धमा नीतिगत निर्णय गर्ने,

(ग) कर्जा प्रस्ताव स्वीकृत गर्ने,

(घ) कोषको उद्देश्य प्राप्तिका लागि आवश्यक पर्ने निर्देशिका तथा कार्यविधि तयार गरी लागू गर्ने,

(ङ) कोषको कार्य सुचारु रूपले सञ्चालन गर्न आवश्यकता अनुरूप समिति तथा उप-समिति गठन गर्ने,

(च) कोषको दैनिक कार्य सञ्चालन गर्न आवश्यक पर्ने जनशक्तिको व्यवस्था गर्ने,

(छ) कोषको हिसाब-किताब, खाता, बही, श्रेस्ता र लेखाको अभिलेख यथार्थ र दुरुस्त राख्न लगाउने तथा लेखापरीक्षण गराउने,

(ज) कोषबाट प्रवाहित कर्जा अन्तर्गत सञ्चालित कार्यक्रमहरूको अध्ययन, तालीम, गोष्ठी, अनुगमन र मूल्याङ्कन गर्ने गराउने, र

(झ) कोष सञ्चालन सम्बन्धमा परिआउने अन्य नीतिगत निर्णयहरू गर्ने ।

(५) समितिको सहयोगको लागि देहाय बमोजिमको एक उप-समिति रहनेछ :

| | | |
|---|---|---|
| (क) | कार्यकारी निर्देशक,<br>नेपाल राष्ट्र बैंक,लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग | संयोजक |
| (ख) | उप सचिव, नेपाल सरकार, अर्थ मन्त्रालय | सदस्य |
| (ग) | उप सचिव,<br>नेपाल सरकार, सहकारी तथा गरिबी निवारण मन्त्रालय | सदस्य |
| (घ) | संयोजकले तोकेको निर्देशक,<br>नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग | सदस्य |
| (ङ) | उप-निर्देशक,<br>नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग | सदस्य-सचिव |

(६) उपदफा (५) बमोजिम गठित उप-समितिमा आवश्यकता अनुसार एक जनासम्मलाई आमन्त्रित सदस्यको रूपमा आमन्त्रण गर्न सकिनेछ ।

(७) उप-समितिको बैठक सम्बन्धी सम्पूर्ण कार्यविधि समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(८) उप-समितिको कार्य देहायबमोजिम हुनेछ :

(क) समितिको निर्देशन अनुरूप कोषमा प्राप्त रकम परिचालनका लागि आवश्यक व्यवस्था गर्ने,

(ख) कोषबाट उपलब्ध गराइने कर्जा लगानी, असुली तथा व्यवस्थापनका सम्बन्धमा नीतिगत निर्णयका लागि समिति समक्ष सिफारिस गर्ने,

(ग) कर्जा स्वीकृति सम्बन्धी अख्तियारी अन्तर्गत रही कर्जा प्रस्ताव स्वीकृत गर्ने तथा सिफारिस सहित स्वीकृतिका लागि समिति समक्ष पेश गर्ने,

(घ) कोषको उद्देश्य प्राप्तिका लागि आवश्यक पर्ने निर्देशिका तथा कार्यविधिको प्रस्ताव तयार गरी लागू गर्नको लागि सिफारिस सहित स्वीकृतिका लागि समिति समक्ष पेश गर्ने, र

(ङ) कोष सञ्चालन सम्बन्धमा परिआउने अन्य सञ्चालन तथा नीतिगत पक्षहरूको अध्ययन गर्ने गराउने तथा समिति समक्ष आवश्यक निर्णयका लागि पेश गर्ने ।

(९) कोषबाट प्रवाह हुने कर्जा स्वीकृत गर्ने तथा कोष सञ्चालन एवम् व्यवस्थापन सम्बन्धी अन्य कार्यहरूको लागि अख्तियारी अनुसूची-१ मा उल्लेख भएबमोजिम हुनेछ ।

(१०) कोषको सचिवालयको काम नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागले गर्नेछ ।

## परिच्छेद - २

### सहकारी संस्थाहरू मार्फत विपन्न वर्गमा प्रवाह हुने कर्जा सम्बन्धी व्यवस्था

५. कर्जाको उद्देश्य : यस निर्देशिकाको दफा ३ को उद्देश्य परिपूर्तिका लागि विपन्न वर्गमा प्रवाह हुने कर्जाको उद्देश्य देहायबमोजिम रहेको छ :

(क) आर्थिक दृष्टिकोणले विपन्न वर्गको आयस्तर सुधार गर्न स्वावलम्बनको भावनाबाट उनीहरूलाई उत्पादनशील एवम् श्रममूलक कार्य सञ्चालनका लागि कर्जा सहयोग उपलब्ध गराउने ।

(ख) ग्रामीण क्षेत्रमा बचत परिचालन गराई त्यस्तो बचतलाई उत्पादनमूलक कार्यमा सदुपयोग गर्न सहयोग पुऱ्याउने ।

(ग) स्वावलम्बन सम्बन्धी प्रयासको संरक्षण एवम् प्रवर्द्धन गर्ने ।

६. लक्षित वर्ग : (१) कोषबाट सहकारी संस्थाहरू मार्फत प्रवाह हुने थोक कर्जा विपन्न तथा पिछडिएका लक्षित वर्गले मात्र पाउने छन् ।

(२) लक्षित वर्गको पहिचान गर्दा निम्नलिखित मापदण्डलाई आधार लिनु पर्नेछ :

(क) आफ्नो वा आफ्नो एकाघर परिवारका सदस्यको नियमित आय स्रोत नभई वर्षभरी खान लाउन नपुग्ने व्यक्ति वा घरपरिवार,

तर, नियमित आयस्रोत भए तापनि नेपाल सरकारले श्रमिकलाई तोकेको न्यूनतम मासिक ज्यालाभन्दा कम पारिश्रमिक प्राप्त गरिरहेका व्यक्ति वा घरपरिवारलाई समेत लक्षित वर्गमा समावेश गर्न सकिने,

(ख) आफ्नो वा आफ्नो एकाघर परिवारको जग्गा जमीनबाट वर्षभरी खान लाउन नपुग्ने व्यक्ति वा घरपरिवार,

(ग) सरकारी निकाय वा अन्य बैंक तथा वित्तीय संस्थाबाट सञ्चालित आयमूलक कार्यक्रमद्वारा कर्जा सहयोग प्राप्त गरी तिर्नुपर्ने बाँकी कर्जा नदेखिएको व्यक्ति वा घरपरिवार, र

(घ) गरिब तथा विपन्न वर्गको पहिचान हुनेगरी समय-समयमा नेपाल सरकारबाट परिचय-पत्र प्राप्त व्यक्तिहरू ।

७. सञ्चालन हुनसक्ने उद्यम तथा सेवा व्यवसायहरू : कोषबाट प्रवाह हुने कर्जाबाट स्थानीय स्रोत, साधन र सीपको अधिकतम उपयोग गरी लक्षित वर्गको आम्दानी एवम् रोजगारी वृद्धिमा सघाउ पुऱ्याउने देहायबमोजिमका व्यवसाय वा कार्यहरू सञ्चालन गर्न सकिनेछ :

(क) कृषि तथा बागवानी,

(ख) पशुपंक्षी पालन,

(ग) स-साना ग्रामीण तथा घरेलु लघुउद्यम (माइक्रोइन्टरप्राइजेज),

(घ) स्वरोजगारमूलक एवम् आयमुलक व्यवसायहरू (जस्तैः रिक्सा, टाँगा, कपाल काट्ने, सिलाई बुनाई आदि) ।

(ङ) स-साना खुद्रा पसल, औषधी पसल, भेटेरीनरी औषधी पसल, मलखाद बिऊ-बीजन बेचबिखन पसल,

(च) नवीकरणीय उर्जा,

(छ) लघु सिँचाई,

(ज) मत्स्यपालन, र

(झ) अन्य स-साना व्यवसायहरू ।

८. संस्थाको योग्यता : (१) यस निर्देशिकाको दफा ३ को उद्देश्य परिपूर्तिका लागि सहकारी संस्थाले कोषबाट निर्धारित प्रक्रिया पुऱ्याई थोक कर्जा लिन सक्नेछ ।

(२) कोषबाट प्रवाह हुने यस्तो कर्जा लिन निवेदन दिने सहकारी संस्थाले देहायको योग्यता तथा शर्तहरू पालना गरेको हुनुपर्नेछ :

(क) प्रचलित कानुनबमोजिम सम्बन्धित निकायमा दर्ता भएको सहकारी संस्था ।

(ख) संस्थाको विनियम/विधानको उद्देश्य तथा कार्यमा बचत संकलन गर्नसक्ने, आयमूलक व्यवसाय सञ्चालन गर्न ऋण प्रदान गर्ने, तथा अन्य निकायबाट ऋण प्राप्त गर्नसक्ने प्रावधान रहेको ।

(ग) कुल सम्पत्ति/दायित्व रु.एक करोड भन्दा बढी रहेको सहकारी संस्थाको हकमा पर्ल्स रेटिङ (PEARLS Rating) विवरण संलग्न गरेको ।

(घ) खण्ड (क) बमोजिम संस्था दर्ता भई कम्तिमा दुई वर्ष अगाडिदेखि आफ्ना सदस्यहरूबाट बचत संकलन र कर्जा प्रवाह गर्ने कार्य गर्दै आइरहेको ।

(ङ) संस्थाबाट सदस्यहरूलाई प्रवाहित गरेको कर्जामध्ये उठाउन बाँकी कर्जाको भाखा ननाघेको स्थिति देहायबमोजिम हुनुपर्नेछ :



(१) पहिलो कर्जाको लागि : बयान्नब्बे प्रतिशत भन्दा बढी ।

(२) दोस्रो र तेस्रो कर्जाका लागि : पन्चान्नब्बे प्रतिशत भन्दा बढी ।

(च) आफ्ना शेयर सदस्यहरूमध्ये कम्तिमा पचासी प्रतिशत सदस्यहरूबाट नियमित बचत संकलन गरेको ।

(छ) सहकारी संस्थाको आर्थिक कारोबार नेपाल सरकार, सहकारी विभागले निर्धारण गरेको मापदण्ड अनुरूपको प्रचलित दोहोरो लेखा प्रणालीअनुसार राखेको तथा पछिल्लो आर्थिक वर्षको हर-हिसाब वाह्य लेखापरीक्षकद्वारा लेखापरीक्षण भएको ।

(ज) सहकारी संस्थाको विनियम/विधानमा व्यवस्था भएबमोजिमका जगेडा कोष, ऋण डुबन्ते कोष, घाटापूर्ति कोष लगायतका विभिन्न कोषहरूमा तोकिएबमोजिमको प्रतिशतमा मुनाफा बाँडफाँड गरेको ।

(झ) सहकारी संस्थाको संकलित शेयर पुँजी (चुक्ता पुँजी) रकम संस्थाको विनियममा उल्लेख भएको कुल शेयर पुँजीको कम्तिमा ५० प्रतिशत भएको ।

(ञ) कोषमा कर्जा प्रस्ताव पेश गर्दा अस्वीकृत भएको भए कर्जा अस्वीकृत भएको एक वर्ष नाघिसकेको ।

(ट) अन्य सरकारी कोषहरूबाट प्राप्त वाह्य कर्जा प्राथमिक पुँजीको ५० प्रतिशतभन्दा कम रहेको ।

(ठ) माग गरेको कर्जा रकम संस्थाको आन्तरिक श्रोतले खाम्ने भएको ।

(ड) भाखा नाघेको कर्जा रकम बराबर वा सो भन्दाबढी हुनेगरी डुबन्ते ऋण कोष/ऋण जोखिम कोषमा रकमको व्यवस्था भएको ।

(ढ) पछिल्लो आर्थिक वर्षमा संस्था खुद नाफामा भई सञ्चित नोक्सानी नरहेको ।

(ण) शेयर पुँजी न्यूनतम दुई लाख रूपैयाँ भएको ।

(त) आफू सदस्य रहेको विषयगत संघ वा राष्ट्रिय सहकारी बैंक बाहेक समानान्तर अर्को प्रारम्भिक संस्थामा बचत निक्षेप जम्मा नगरेको ।

(थ) साधारण सभामा सदस्यहरूको उपस्थिति न्यूनतम ५१ प्रतिशत रहेको ।

(द) एकै परिवारबाट एकभन्दा बढी व्यक्ति एउटै संस्थाको सञ्चालक वा लेखा समितिको कुनै पदमा नरहेको ।

(ध) सहकारी संस्थाको विनियम/विधानमा भएको व्यवस्थाबमोजिम सञ्चालक समिति गठन भएको ।

(न) निवेदनका साथ ऋणी सदस्यहरूको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरेको ।

(प) बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिई कालोसूचीमा परेको व्यक्ति सञ्चालक वा लेखा समितिको कुनै पदमा नरहेको ।

(फ) संस्थाको कार्यक्षेत्र एक जिल्ला भन्दा बढी नभएको ।

(ब) निक्षेप संकलन गर्ने र कर्जा प्रदान गर्ने कार्य आफ्ना सदस्यहरूको बीचमा मात्र सीमित गरेको ।

(भ) कोषबाट तोकिएका शर्तहरू पालना गर्न मञ्जुर गरेको कबुलियतनामा पेश गरेको ।

९. कोषबाट उपलब्ध हुने कर्जाको प्राथमिकता : कोषबाट कर्जा उपलब्ध गराउँदा ग्रामीण क्षेत्रमा कार्यरत संस्थाहरूलाई देहायका आधारमा प्राथमिकता दिइनेछ :

(क) राष्ट्रिय योजना आयोगको गरिबी नक्शाङ्कन (पोभर्टी म्यापिङ) भित्र परेको क्षेत्र वा नेपाल सरकारले तोकेको गरिबीको परिधीभित्र पर्ने क्षेत्र वा जिल्ला ।

(ख) कुनै पनि बैंक तथा वित्तीय संस्थाको कर्जामा पहुँच नभएका लक्षित वर्गलाई सेवा पुऱ्याएका संस्था ।

(ग) ग्रामीण क्षेत्रमा कार्यालय खोली कार्यरत रहेको सहकारी संस्था ।
तर, अपाङ्गता भएका व्यक्तिहरूद्वारा सञ्चालित सहकारी संस्थाहरूलाई कर्जा लगानी गर्दा ग्रामीण क्षेत्रमा नै कार्यालय खोली कार्यरत रहनुपर्ने अनिवार्यता रहने छैन ।

१०. सहकारी संस्थाका लागि कर्जा लगानी तथा असुली नीति :

(क) कोषबाट कर्जा प्राप्त गर्न संस्थाले अनुसूची-२ बमोजिमको विवरण तथा कागजातहरू कोष समक्ष पेश गर्नुपर्नेछ । यसरी कर्जा प्रस्ताव पेश गर्दा कर्जा लिन चाहेका प्रत्येक सदस्यको अनुसूची-३ बमोजिम व्यक्तिगत आवेदन फाराम र अनुसूची-४ बमोजिमको कर्जा लिन चाहने सदस्यहरूको विवरण समेत संलग्न गर्नुपर्नेछ ।

(ख) कर्जा माग गर्ने अनुसूची-४ बमोजिमका सदस्यहरू संस्थाको नियमित बचतकर्ता हुनुको साथै निजहरूले कर्जा लिएको भए भाखा ननाघेको हुनुपर्नेछ ।

(ग) खण्ड (क) बमोजिम प्रस्ताव पेश भएपछि कोषबाट अनुसूची-५ बमोजिम पूर्व लगानी स्थलगत संभाव्यता अध्ययन गरी सो सम्बन्धी निरीक्षण प्रतिवेदन समेतको आधारमा कर्जा स्वीकृत गरिनेछ ।

(घ) संस्थाले समान प्रकृतिको कर्जा र निक्षेपको ब्याजदर निर्धारण गर्दा विभेदकारी व्यवस्था गरेको हुन नहुने तथा बचत निक्षेपमा दिने ब्याजदर र कर्जामा लिने औसत ब्याजदरको अन्तर ६ प्रतिशतभन्दा बढी हुन नहुने ।

(ङ) प्राथमिक पुँजी अन्तर्गत सहकारी संस्थाको देहायका शीर्षकमा रहेको रकम समावेश हुनेछ :

(१) शेयर पुँजी
(२) जगेडा कोष रकम
(३) सञ्चित नाफा
(४) बचत (Surplus)



(च) खण्ड (ग) बमोजिम कर्जा स्वीकृत भएका संस्थाहरूलाई कोषको तर्फबाट देहायबमोजिम कर्जा उपलब्ध हुनेछ :

(१) पहिलो (पटक) कर्जा : २० लाखसम्म शेयर पुँजी हुने संस्थाको प्राथमिक पुँजीको १० गुणामा र २० लाखभन्दा बढि शेयर पुँजी हुने संस्थाको प्राथमिक पुँजीको ५ गुणामा नबढ्ने गरी बढीमा तीस लाख रूपैयाँसम्म ।

(२) दोस्रो (पटक) कर्जा : २० लाखसम्म शेयर पुँजी हुने संस्थाको प्राथमिक पुँजीको १० गुणामा र सोभन्दा बढि शेयर पुँजी हुने संस्थाको प्राथमिक पुँजीको ५ गुणामा नबढ्ने गरी बढीमा पैंतीस लाख रूपैयाँसम्म ।

(३) तेस्रो (पटक) कर्जा : २० लाखसम्म शेयर पुँजी हुने संस्थाको प्राथमिक पुँजीको १० गुणामा र सोभन्दा बढि शेयर पुँजी हुने संस्थाको प्राथमिक पुँजीको ५ गुणामा नबढ्ने गरी बढीमा चालीस लाख रूपैयाँसम्म ।

(छ) खण्ड (ङ) बमोजिम गणना गरिएको रकममा संस्थाले संकलन गरेको बचत र अन्य संस्थाबाट लिएको ऋण सापटी घटाई कुनै अनुदान भए सो जोडी खुद स्रोत परिचालन क्षमता गणना गरी कोषबाट बढीमा उक्त रकमले खामेसम्मको रकम मात्र कर्जा प्रदान गरिनेछ । संस्थाले आफूले लगानी गर्ने रकमको समेत व्यवस्था गर्नु पर्नेछ ।

(ज) कोषबाट कर्जा लिई तोकिएको समयमा चुक्ता गरी पुन: कर्जा माग गर्दा संस्था आफैंले पूर्व लगानी निरीक्षण गरी विगतको कारोबारको समीक्षा गरी सोबाट ऋणी सदस्यहरूको आय-आर्जन तथा सोमा परेको प्रभावका सम्बन्धमा समेत उल्लेख गर्नु पर्नेछ ।

(झ) कोषबाट स्वीकृत कर्जा सहकारी संस्थाले खण्ड (ग) को अधीनमा रही आफ्ना सदस्यहरूलाई दफा ७ बमोजिमका व्यवसाय सञ्चालन गर्न प्रति सदस्य बढीमा एक लाख पच्चीस हजार रूपैयाँसम्म कर्जा प्रदान गर्न सक्नेछ ।

(ञ) कोषबाट स्वीकृत गरिएको उपरोक्त कर्जा परियोजनामा देहायबमोजिम लगानी गर्नु पर्नेछ :

(१) कोषबाट प्राप्त कर्जाबाट बढीमा असी प्रतिशतसम्म ।

(२) संस्थाको आफ्नो स्रोतबाट न्यूनतम बीस प्रतिशत ।

(ट) कोषबाट स्वीकृत भएको कर्जा वितरण व्यवस्था देहायबमोजिम हुनेछ :

(१) समिति तथा उप समितिबाट स्वीकृत भएको कर्जा सामान्यतया: दुई किस्तामा उपलब्ध गराइनेछ ।

(२) उपखण्ड (१) बमोजिम किस्ता उपलब्ध गराउँदा कोषबाट प्रदान भएको अघिल्लो किस्ताको सदुपयोगिता सम्बन्धमा सम्बन्धित संस्थाले अनुसूची-६ बमोजिमको ढाँचामा प्रतिवेदन पेश गरी सदुपयोग भएको देखिएमा मात्र बाँकी किस्ता उपलब्ध हुनेछ । आवश्यक देखिएमा यस्तो सदुपयोगिता निरीक्षण कोष आफैंले समेत गर्न सक्नेछ ।

(ठ) कोषबाट स्वीकृत भएको कर्जा सम्बन्धित संस्थालाई उपलब्ध गराउँदा देहायबमोजिमको प्रक्रिया अपनाइनेछ :

(१) संस्थाले अख्तियारी दिएको व्यक्तिबाट तमसुक गराउने ।

(२) साक्षीको रूपमा संस्थाको तर्फबाट सञ्चालक समितिको एक जना हुनुपर्ने ।

(३) कोषबाट उपलब्ध गराइने रकम कोषको सचिवालय वा नेपाल राष्ट्र बैंकका कार्यालयहरू मार्फत संस्थाको बैंक खातामा उपलब्ध गराइने छ । यसरी उपलब्ध गराइने रकम नेपाल राष्ट्र बैंकको कार्यालय नभएको ठाउँमा अन्य बैंक तथा वित्तीय संस्था मार्फत उपलब्ध गराइने छ ।

(ड) कोषबाट स्वीकृत कर्जा प्राप्त गर्न संस्थाबाट देहायका कागजातहरू कोषलाई उपलब्ध गराउनु पर्नेछ :

(१) कर्जा लिने सम्बन्धमा संस्थाको सञ्चालक समितिको निर्णय र अख्तियारी दिएको निर्णयको प्रतिलिपि ।

(२) अख्तियारवालालाई परिचय गराउन संस्थाले लेखेको दस्तखत नमूना सहितको पत्र ।

(३) संस्थाको सञ्चालक समितिका सदस्यहरु (परिवर्त भएको अवस्थामा मात्र) लगायत अख्तियारवालाका तीनपुस्ते विवरण र नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(४) कर्जा माग गर्दा रकम र सोको प्रयोजन खुलाएको हुनुपर्ने ।

(ढ) कर्जा असुली सम्बन्धी व्यवस्था :

(१) कोषबाट प्रवाहित कर्जाको भुक्तानी अवधि ग्रेस अवधिसहित बढीमा तीस महिनाको हुनेछ । यस्तो कर्जाको किस्ता अवधि छ/छ महिनाको हुनेछ ।

(२) कोषबाट प्रवाहित कर्जाको पहिलो किस्ताको ग्रेस अवधि बढीमा छ महिनासम्म हुनेछ र सो अवधिको ब्याज लाग्ने छैन ।

(३) दोस्रो किस्तामा ग्रेस अवधि उपलब्ध हुने छैन ।

(४) कोषबाट प्रवाहित कर्जाको पहिलो किस्ता तमसुक गरेको महिनाबाट बाऱ्हौं महिनाको अन्त्यमा र दोस्रो, तेस्रो तथा चौथो किस्ता क्रमश: अठारौं, चौबिसौं तथा तीसौं महिनाको अन्त्यमा असुल गरिनेछ ।

(५) संस्थाले कोषबाट लिएको कर्जा चुक्ता गरी पूर्णरूपमा राफसाफ गर्ने जिम्मेवारी सम्बन्धित संस्थाको सञ्चालक समितिको हुनेछ ।

(६) कोषलाई तिर्नुपर्ने रकम असुल उपर हुन नसकेमा यस्तो रकमलाई नेपाल सरकारको बाँकी बक्यौता सरह सम्बन्धित संस्थाको सञ्चालक समिति/कार्य-समितिका सदस्यहरूबाट दामासाहीले असुल उपर गरिनेछ ।



(ण) कोषबाट लिएको कर्जाको भुक्तानी प्रक्रिया देहायबमोजिम हुनेछ :

(१) नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय, थापाथलीस्थित कोषको नाममा रहेको खातामा नगद जम्मा गरेको सक्कल भौचर कोषमा पेश गरेर ।

(२) नेपाल राष्ट्र बैंकको उपत्यका बाहिरका कार्यालयहरू मार्फत उपरोक्त खातामा जम्मा हुने गरी रकम दाखिला गरेर । यसरी जम्मा भएको रकमको सम्बन्धित कार्यालयले कोषमा तुरुन्त जानकारी दिनुपर्नेछ । साथै, नेपाल राष्ट्र बैंकका कार्यालयहरूले यस्तो रकम दाखिला गर्न ल्याएमा कुनै दस्तुर नलिई रकम बुझिलिनु पर्नेछ ।

(३) कोषको नाममा वाणिज्य बैंकका जिल्लास्थित कार्यालयबाट ड्राफ्टको माध्यमबाट कोषमा रकम उपलब्ध गराएर । यस्तो ड्राफ्ट सम्बन्धित संस्थाले कोषमा यथाशिघ्र उपलब्ध हुने व्यवस्था गर्नु पर्नेछ ।

(४) वाणिज्य बैंकबाट कोषको उपरोक्त खातामा जम्मा हुने गरी उपयुक्त माध्यमबाट रकम पठाएर ।

(५) राष्ट्रिय वाणिज्य बैंक वा अन्य बैंक तथा वित्तीय संस्थामा ABBS सुविधा लिएर कोषको खाता खोली सोही खातामा रकम जम्मा गरेर ।

११. सहकारी संस्थाको दायित्व :

(क) कोषबाट प्राप्त हुने कर्जा लक्षित वर्गको आयस्तर सुधार गर्न सहायक हुने स्वरोजगारमूलक उद्यम तथा सेवा व्यवसायहरू सञ्चालन गर्न प्रयोग गर्नु पर्नेछ ।

(ख) संस्थाले लक्षित वर्गलाई नियमित रूपमा बचत गर्न प्रोत्साहित गर्नु पर्नेछ र संकलित बचत रकम बचतकर्ताहरूको हितका लागि सञ्चालन हुने आय तथा स्वरोजगारमूलक व्यवसायहरूमा प्रयोग गर्नुपर्नेछ ।

(ग) आर्थिक कारोबार गर्दा सम्भव भएसम्म नजिकको वाणिज्य बैंक वा वित्तीय संस्था मार्फत गर्नु पर्नेछ ।

(घ) संस्थाबाट लगानी भएको कर्जाको सदुपयोग भए/नभएको नियमित रूपमा अनुगमन गर्नु पर्नेछ ।

(ङ) लक्षित वर्गलाई आवश्यक पर्ने सीपमूलक तथा व्यवस्थापन सम्बन्धी तालीमहरू उपलब्ध गराउन सहयोग गर्नु पर्नेछ ।

(च) संस्थाको कारोबारको लेखापरीक्षण नियमित तवरले स्वीकृति प्राप्त लेखापरीक्षकबाट अनिवार्य रूपमा गराउनु पर्नेछ ।

(छ) कोषले मागेका विवरणहरू नियमित रूपमा पेश गर्नु पर्नेछ ।

(ज) कोषबाट कर्जा स्वीकृत भएका सदस्यहरूलाई तोकिएबमोजिम कर्जा लगानी गर्नु पर्नेछ । विशेष परिस्थिति परी सदस्य परिवर्तन गरी लगानी गर्नु परेमा अनिवार्य रूपमा विभागको सहमति लिनु पर्नेछ ।

(झ) कोषबाट प्राप्त कर्जा परियोजना वा सामूहिक जमानीमा उपलब्ध गराउनु पर्नेछ ।

(ञ) संस्थाको कारोबारको प्रगति विवरण अर्ध-वार्षिक रूपमा (असार र पुस) अनुसूची-७ अनुसार अनिवार्य रूपमा कोष समक्ष पेश गर्नु पर्नेछ । यस्तो विवरण प्रत्येक अर्ध-वार्षिक समाप्त भएको एक महिनाभित्र कोषमा आइपुग्ने गरी पठाउनु पर्नेछ ।

(ट) कोषबाट सहकारी संस्थाले कर्जा माग गर्न डुबन्ते ऋण कोष/ऋण जोखिम कोष खडा गरेको हुनु पर्नेछ ।

(ठ) संस्थाले कोषबाट लिएको कर्जा किस्ता भुक्तानी तालिका अनुसार समयमै तिर्नु पर्नेछ । कर्जा नतिरी भाखा नाघेमा कोषले आफ्नो प्रयोजनको लागि त्यस्तो संस्थालाई कालोसूचीमा राख्न सक्नेछ ।

१२. निरीक्षण तथा अनुगमन : सहकारी संस्थाबाट पेश हुन आएको कर्जा प्रस्ताव उपर कोषको तर्फबाट स्थलगत पूर्व लगानी संभाव्यता अध्ययन गरिनेछ । कोषबाट संस्थालाई कर्जा उपलब्ध गराइसकेपछि समय-समयमा कर्जा सदुपयोगिताको निरीक्षण अनुगमन गर्ने तथा कोषबाट लिएको कर्जाको लेखा अभिलेख समेत हेर्न सकिनेछ । निरीक्षण तथा अनुगमनको क्रममा माग गरिए अनुरूपका विवरण तथा जानकारीहरू उपलब्ध गराउनु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

## परिच्छेद - ३

### अर्थोडक्स चिया उत्पादन गर्ने हाते चिया प्रशोधन कारखाना स्थापना सम्बन्धी व्यवस्था

१३. कोषबाट कर्जा उपलब्ध गराउन सकिने : अर्थोडक्स चिया उत्पादन गर्ने हाते चिया प्रशोधन कारखाना स्थापना र बिस्तार गर्न कोषबाट कर्जा उपलब्ध गराउन सकिनेछ । कोषबाट प्रवाह हुने यस्तो कर्जा लिन चिया उत्पादक सहकारी संस्थाहरूले देहायका योग्यता तथा शर्त पूरा गरेको हुनु पर्नेछ :

(क) संस्थाका शेयर सदस्यहरूले नियमित बचत गरेको हुनुपर्ने र सत्तरी प्रतिशतभन्दा बढी नियमित बचत गर्ने सदस्यहरू हुनुपर्ने ।

(ख) संस्थामा बचत भएको रकम आफ्ना सदस्यहरूलाई लगानी गरेको हुनुपर्ने ।

(ग) संस्थाले लगानी गरेको रकममा असी प्रतिशतभन्दा बढी रकम भाखा ननाघेको हुनुपर्ने ।

(घ) संस्थाले प्रत्येक वर्ष लेखापरीक्षण गराएको हुनुपर्ने र संस्था घाटामा गएको हुन नहुने ।

(ङ) संस्थाको सञ्चालक समिति/कार्य समितिबाट कर्जा लिन निर्णय गरेको हुनुपर्ने ।

(च) संस्थाको स्रोत परिचालन क्षमता दफा १० को खण्ड (छ) अनुसार हुने ।

(छ) सहकारी संस्थाले अन्य निकायबाट ऋण सापटी लिई बक्यौता रहेको हुन नहुने ।



१४. कर्जा असुली व्यवस्था सम्बन्धी शर्त :

(क) कोषबाट प्रवाहित यस परिच्छेद अन्तर्गतको कर्जाको भुक्तानी अवधि एक वर्षको ग्रेस अवधिसहित चार वर्षको हुनेछ ।

(ख) यस्तो कर्जाको किस्ता अवधि छ/छ महिनाको छ वटा किस्ता हुनेछ ।

(ग) कोषले उपलब्ध गराएको भुक्तानी तालिका अनुसार छ/छ महिनामा साँवा, ब्याज बुझाउनु पर्नेछ ।

(घ) संस्थाले तोकेको क्षेत्र बाहेक अन्य क्षेत्रहरूमा लगानी गरेमा वा भुक्तानी तालिका अनुसार रकम बुझाउन ढिला गरेमा दुई प्रतिशत थप हर्जाना ब्याज तिर्नुपर्नेछ ।

(ङ) संस्थाले आफ्नो प्रगति विवरण छ/छ महिनामा कोषमा पेश गर्नु पर्नेछ ।

(च) कोषबाट प्राप्त रकम ऋणीहरूलाई प्रदान गरेको तमसुकको प्रतिलिपि कोषमा पेश गर्नु पर्नेछ ।

(छ) अन्य विषयहरूको हकमा यो निर्देशिकामा तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद -४

### ब्याजदर सम्बन्धी व्यवस्था

१५. ब्याजदर : (१) कोषबाट प्रवाह हुने कर्जाको ब्याजदर तथा सम्बन्धित संस्थाले आफ्ना सदस्यहरूबाट लिने ब्याजदर देहायबमोजिम हुनेछ :

(क) परिच्छेद-२ र परिच्छेद-५ बमोजिम कोषबाट सम्बन्धित संस्थालाई वार्षिक आठ प्रतिशत ब्याजदरमा कर्जा उपलब्ध हुने ।

(ख) खण्ड (क) बमोजिम प्राप्त हुने कर्जाबाट सम्बन्धित सदस्यहरूलाई कर्जा प्रवाह गर्दा वार्षिक ब्याजदर १४ प्रतिशतभन्दा बढी नहुने गरी कर्जा उपलब्ध गराउनु पर्ने । साथै, कोषबाट उपलब्ध भएको कर्जामा कुनै सेवा शुल्क लगायत अन्य शुल्क लिन पाइने छैन ।

(२) कोषबाट प्रवाह हुने कर्जाको ब्याज गणना गर्दा एक वर्षलाई तीन सय पैंसट्ठी दिन कायम गरिने ।

(३) ब्याज लाग्ने अवधिको हिसाब गर्दा कोषसँग तमसुक गरी कोषको खाता खर्च भएको दिनबाट शुरू गरिने ।

१६. प्रशासनिक खर्च अनुदान : परिच्छेद-२ र परिच्छेद-३ बमोजिम सहकारी संस्था मार्फत् विपन्न वर्गमा प्रवाह हुने गरी कोषबाट उपलब्ध गराइएको कर्जा भुक्तानी तालिका अनुसार तोकिएको समयमा चुक्ता गरेमा संस्थाले कोषलाई बुझाएको ब्याजको पचहत्तर प्रतिशतले हुन आउने रकम प्रशासनिक खर्च अनुदानस्वरूप उपलब्ध गराइनेछ ।

१७. हर्जाना ब्याज : सहकारी संस्थाहरू मार्फत विपन्न वर्गमा प्रवाह हुने गरी कोषबाट प्रवाह भएको कर्जा सदुपयोग नभएमा वा भाखा नघाएमा देहायबमोजिम कारबाही गरिनेछ :

(क) कर्जा सदुपयोग भएको नपाइएमा कर्जा प्रवाह भएको शुरू मितिदेखि नै थप दुई प्रतिशतले हर्जाना ब्याज असुल गरिने ।

(ख) तोकिएको समयमा साँवा र ब्याज भुक्तानी नगरी भाखा नघाएमा भाखा नाघेको कर्जा रकममा भाखा नाघेको मितिदेखि नै थप दुई प्रतिशतले हर्जाना ब्याज असुल गरिने ।

(ग) कर्जा सदुपयोग नभएको खण्डमा तुरुन्तै कर्जा असुली गर्नेतर्फ कारबाही गरिने ।

## परिच्छेद-५

### विविध

१८. कबुलियतनामा : कोषबाट प्राप्त हुने कर्जाबाट सहकारी संस्थाहरूले आफ्ना सदस्यहरूलाई प्रवाह गरेको कर्जा असुल उपर नभएमा संस्थाका सञ्चालकहरूले आफ्नो घर-घरानाबाट कोषलाई चुक्ता गर्नेछौं भनी अनुसूची-८ अनुसारको कबुलियतनामा कोषलाई लेखी दिनु पर्नेछ ।

१९. लेखापरीक्षण : आर्थिक वर्ष समाप्त भएपछि कोषको लेखापरीक्षण नेपाल राष्ट्र बैंकका लागि नियुक्त लेखापरीक्षकबाट गराइनेछ ।

२०. ब्याख्या : यो निर्देशिकाको व्याख्या गर्ने अधिकार समितिलाई हुनेछ ।

२१. अनुसूचीमा संशोधन : अनुसूचीमा आवश्यक संशोधन वा थपघट गर्ने अधिकार समितिलाई हुनेछ ।

२२. खारेजी र बचाउ : (१) "ग्रामीण स्वावलम्बन कोष, सञ्चालन निर्देशिका, २०६९ (संशोधन सहित)" लाई खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज भएको निर्देशिकाबमोजिम भए गरेका सम्पूर्ण काम कारबाही यसै निर्देशिकाबमोजिम भए गरेको मानिनेछ ।



## अनुसूची- १

### (दफा ४ को उपदफा (९) सँग सम्बन्धित)

अख्तियारी

| सि.नं. | कार्य विवरण | अख्तियार प्रयोग गर्ने निकाय/पदाधिकारी |
|---|---|---|
| १. | कोषको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति । | समिति |
| २. | स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अन्तर्गत रही अध्ययन, तालीम, गोष्ठी, सभा, सेमिनार लगायतका कार्यक्रमहरूको सञ्चालन । | समितिका अध्यक्ष |
| ३. | समिति र उप-समितिको बैठक भत्ता तथा खाजा खर्च निर्धारण तथा पुनरावलोकन । | समिति |
| ४. | निर्देशिकाको दफा ५ को उद्देश्य अनुरूप कोषबाट सहकारी संस्थाहरू मार्फत् प्रवाह हुने कर्जा स्वीकृति सीमा :<br>(क) रु. तीस लाखसम्म ।<br>(ख) रु. तीस लाखभन्दा माथिको कर्जा । | (क) उप-समिति<br>(ख) उप-समितिको सिफारिसमा समिति |
| ५. | कोषसँग सम्बन्धित दैनिक कार्य सञ्चालन । | विभाग/सचिवालय |
| ६. | स्वीकृत कर्जाको पहिलो तथा दोस्रो किस्ता प्रदान । | विभाग/सचिवालय |
| ७. | अध्ययन, निरीक्षण तथा अनुगमन । | विभाग/सचिवालय |

# अनुसूची- २

(दफा १० को खण्ड (क) सँग सम्बन्धित)

सहकारी संस्थाले ग्रामीण स्वावलम्बन कोषसमक्ष ऋण माग गर्दा

पेश गर्नुपर्ने विवरण तथा कागजातहरू

१. संस्थाको भौगोलिक कार्यक्षेत्र :

२. संस्थाको कुल सदस्य संख्या :

(क) महिला सदस्य संख्या : ... (ख) पुरुष सदस्य संख्या : ... (ग) अन्य सदस्य संख्या : ...

३. सहकारीको अनुभव :

संस्थाको सञ्चालक समिति/कार्य समितिका सदस्यहरूको विवरण :

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | ठेगाना | योग्यता | मोबाईल नं. | अनुभव |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |

अन्य समिति/उप-समिति भएमा :

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | ठेगाना | योग्यता | मोबाईल नं. | अनुभव |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |

४. संस्थाको बचत कार्यक्रम सम्बन्धी विवरण :

४.१ संस्थाले बचत कार्यक्रम शुरू गरेको मिति : सदस्य संख्या :

४.२ हालको सदस्य संख्या : बचतको ब्याजदर :



४.३ बचत गर्ने अवधि : साप्ताहिक/पाक्षिक/मासिक/वार्षिक

४.४ बचतको प्रकार : (क) नियमित बचत (ख) ऐच्छिक बचत (ग) बाल बचत (घ) खुत्रुके बचत (ङ) आवधिक बचत (च) अन्य बचत

४.५ हालसम्मको

(क) कुल बचत रकम : रु. .............. (ख) नियमित बचत रु.......................

४.६ कर्जामा लिने ब्याजदर :

४.७ बचत र कर्जाको औसत ब्याजदर बिचको अन्तर : . . . . . प्रतिशत

४.८ कर्जा लगानी शुरू गरेको मिति : ................

५. संस्थाको शेयर सम्बन्धी विवरण :

(क) कुल शेयर बिक्री संख्या : ........ (ख) कुल शेयर बिक्री रकम : रु. ....................

६. सम्पूर्ण शेयर सदस्यहरूको शेयर, बचत तथा कर्जा रकम सहितको एकमुष्ट विवरण :

| सि.नं. | नाम | शेयर संख्या | शेयर रकम | बचत शुरू गरेको मिति | बचत रकम |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| जम्मा : | | | | | |

७. संस्थाबाट सदस्यहरूलाई प्रवाह गरेको कर्जाको उठाउन बाँकी कर्जा र भाखा नाघेका ऋण/कर्जाको विवरण :

| सि.नं. | ऋणीको नाम | उद्देश्य | रकम | लगानी गरिएको मिति | भुक्तानी गर्नुपर्ने मिति | असुली रकम | बाँकी रकम | बाँकी मध्ये भाखा नाघेको रकम |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| जम्मा : | | | | | | | | |

८. संस्थाको कर्जा लगानी नीति संक्षेपमा उल्लेख गर्ने :

९. संस्थाको सुपरिवेक्षण व्यवस्था संक्षेपमा उल्लेख गर्ने :

१०. संस्थाले विगत तीन वर्षमा सम्पन्न गरेका आर्थिक/सामाजिक कामको विवरण :

| सि.नं. | कार्यक्रमको नाम | लाभान्वित सदस्य संख्या | लागत रकम | स्रोत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| जम्मा : | | | | |

११. संस्थाले अन्य सरकारी संस्थाबाट कुनै प्रकारको वित्तीय वा अन्य सहयोग प्राप्त गरेको भए सोको विवरण :

| सि.नं. | संस्थाको नाम | कार्यक्रमको नाम | रकम |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| जम्मा : | | | |

१२. हाल विपन्न वर्गका सदस्यको लागि सञ्चालन गर्न लागेको प्रस्तावित आय एवम् स्वरोजगारमूलक व्यवसायहरूको विवरण :

| सि.नं. | उद्देश्य | ऋण माग गर्ने सदस्य संख्या | आवश्यक रकम |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

१३. आवेदन माग गर्दाको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा-नोक्सान/आय-व्यय विवरण सहितको वाह्य लेखापरीक्षण प्रतिवेदन ।

१४. कोषमा कर्जाका लागि प्रस्ताव पेश गर्नुभन्दा अघिल्लो महिनासम्मको नाफा-नोक्सान खाता, आय-व्यय विवरण र वासलात ।

१५. कर्जा लिन चाहने सदस्यहरूको अनुसूची-३ अनुसारको व्यक्तिगत आवेदन फाराम र अनुसूची-४ अनुसारको सदस्यहरूको विवरण ।

१६. संस्था दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि ।

१७. संस्थाको विनियम/विधानको प्रतिलिपि ।

१८. संस्थाको सञ्चालक समिति/कार्य समितिको बैठकले कोषबाट कर्जा माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि ।



१९. नेपाल राष्ट्रिय बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेडको सदस्यता प्राप्त गरेको भए सो प्रमाण-पत्रको प्रतिलिपि ।

२०. संस्थाको ऋण माग आवेदनमा निम्न कुराहरू उल्लेख हुनुपर्ने :

(क) कर्जा माग गर्ने सदस्यहरू नियमित बचतकर्ता रहेको र त्यस्ता सदस्यलाई प्रदान गरेको कर्जा हालसम्म भाखा ननाघेको व्यहोरा ।

(ख) कर्जा माग गर्ने सदस्यहरूले अन्य बैंक तथा वित्तीय संस्थाहरूबाट गोबरग्याँस, सुनचाँदी तथा मुद्दती रसीद धितो कर्जा बाहेक अन्य कर्जा लिई तिर्न बाँकी नरहेको व्यहोरा ।

(ग) उपरोक्त विवरण सही साँचो हो झुठो ठहरे कानून बमोजिम सहुँला बुझाउँला भनी संस्थाबाट स्वघोषणा गर्नुपर्ने ।

अधिकार प्राप्त व्यक्तिको

दस्तखत :

नाम :

पद :

मिति :

संस्थाको छाप :

## अनुसूची - ३
(दफा १० को खण्ड (क) सँग सम्बन्धित)

संस्थाको नाम : ............................................................

कर्जा लिन चाहने सदस्यको व्यक्तिगत आवेदन फाराम

१. कर्जा माग गर्ने सदस्यको नामथर :

ठेगाना : न.पा./ गा.पा. ......... वडा नं. .... टोल............. मोबाईल नं. ....................

२. बाजे/ससुराको नाम :

३. नागरिकता :

४. बाबु/पति/पत्नीको नाम :

५. परिवार संख्या :

(क) परिवारमा काम गर्न सक्नेको संख्या :

(ख) काम गर्न नसक्ने (बालक, वृद्ध, अपाङ्ग) को संख्या :

६. संस्थामा शेयर किनेको रकम : रु.

७. संस्थामा बचत गरेको कुल रकम : रु.

८. परिवारसँग रहेको आर्थिक स्रोत तथा साधन (कमाउने साधन)

(क) घरको विवरण :

(ख) जम्मा जग्गा (रोपनी/बिगाहा) :

खेत :.........रोपनी/बिगाहा

बारी :.........रोपनी/बिगाहा

(ग) पशु (गाई/गोरु/भैंसी/बाख्रा/सुँगुर आदि) संख्या :

(घ) पंक्षी (हाँस/कुखुरा/परेवा आदि) संख्या :

(ङ) परिवारमा स्थायी नोकरी गर्नेको संख्या :

(च) अन्य यन्त्र, उपकरण तथा औंजारहरू :

(छ) घरजग्गा, पशुपंक्षी र आर्थिक साधनहरूको अनुमानित मूल्य : रु.

९. परिवारसँग भएको सीप :



१०. परिवारको वार्षिक आम्दानी : रु.

११. तिर्न बाँकी रकम छ/छैन ? छ भने रु.

१२. कर्जा प्राप्त गरी सञ्चालन गर्न चाहेको व्यवसाय*:

१३. व्यवसाय सञ्चालन गर्न आवश्यक परेको कर्जा रकम : रु.

१४. उक्त व्यवसाय गरेमा थप वार्षिक वृद्धि हुनसक्ने अनुमानित आय : रु.

१५. उक्त व्यवसायको बजार व्यवस्था :

फाराम भराउने संस्थाको प्रतिनिधिको सहीछाप :

निवेदकको सहीछाप :

नाम :

* पशुपालन व्यवसाय गर्न चाहने व्यक्तिले आफूले पाल्ने पशु संख्या समेत उल्लेख गर्नु पर्नेछ ।

# अनुसूची - ४

(दफा १० को खण्ड (क) सँग सम्बन्धित)

सहकारी संस्थाको नाम :

कर्जा लिन चाहने सदस्यहरूको विवरण

| क.सं. | सदस्यको नाम, थर | ठेगाना | बाजे/ससुराको नाम | बाबु/पति/पत्नीको नाम | घरको विवरण | जग्गा विवरण | नोकरी छ/छैन | ऋण माग गरेको उद्देश्य | ऋण माग गरेको रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

कर्जा लिन चाहने उपरोक्तानुसारका सदस्यहरूका सम्बन्धमा देहायबमोजिमको व्यहोरा प्रमाणित गरिन्छ :

(१) उपरोक्तानुसारका सदस्यहरू संस्थाको नियमित बचतकर्ता रहेका छन् ।

(२) निजहरूले संस्थाबाट कर्जा लिएको/नलिएको र कर्जा लिएकाको हकमा कर्जाको कुनै पनि किस्ताले भाखा नाघेको छैन ।

(३) कर्जा माग गर्ने सदस्यहरूले अन्य बैंक तथा वित्तीय संस्थाहरूबाट गोबरग्याँस, सुनचाँदी तथा मुद्दती रसीद धितो कर्जा बाहेक अन्य कर्जा लिई तिर्न बाँकी रहेको छैन ।

अधिकार प्राप्त व्यक्तिको

दस्तखत :

नाम :

पद :

मिति :

संस्थाको छाप :



# अनुसूची - ५

(दफा १० को खण्ड (ग) सँग सम्बन्धित)

सहकारी संस्थाको पूर्वलगानी सम्भाव्यता अध्ययन प्रतिवेदन

१. सहकारी संस्थाको नाम :

१.१ ठेगाना :

१.२ सम्पर्क फोन : अध्यक्ष :

व्यवस्थापक :

१.३ कुल सदस्य संख्या :

क) पुरुष :

ख) महिला :

ग) अन्य :

२. सहकारी संस्थाको दर्ता नं. र मिति :

दर्ता नं.: मिति :

दर्ता गरेको कार्यालय : संस्थाको कार्यक्षेत्र :

३. ऋण माग गर्ने व्यक्तिहरू लक्षित वर्गभित्र पर्ने/नपर्ने :

४. ऋण माग गर्ने व्यक्तिहरूको भाखा नाघेको कर्जा रहे/नरहेको :

५. ऋण माग गर्ने व्यक्तिहरू नियमित बचतकर्ता भए/नभएको :

६. प्रस्तावित उद्योग/सेवा/व्यवसाय कोषको नीति अन्तर्गत पर्ने/नपर्ने :

७. प्रस्तावित उद्योग/सेवा/व्यवसायको किसिम (निर्देशिकाको दफा ७ बमोजिम उल्लेख गर्ने) :

८. संस्थाको योग्यता :

८.१ दर्ता प्रक्रिया नियमानुसार छ/छैन :

८.२ बचत संकलन शुरू गरेको मिति : सदस्य संख्या :

८.३ नियमित बचत गर्ने सदस्यको प्रतिशत :

८.४ मिति : सम्मको बचत रकम :रु.

बचत दर : बचत रकम :रु.

बचतमा दिने ब्याजदर :

८.५ मिति : सम्मको शेयर रकम : प्रति शेयर मूल्य :
शेयर बिक्री संख्या :

संकलित बचत रकम शेयर पुँजीको कति गुणा छ : . . . . . . . गुणा ।

८.६ मिति : सम्म लगानीमा रहिरहेको ऋण विवरण :

ऋणी संख्या .......... (क) पुरुष.......(ख) महिला....... ऋण रकम :

ऋणमा लिने ब्याजदर :

बचत र ऋणको औसत ब्याजदर बीचको अन्तर : . . . . . प्रतिशत ।

कर्जा प्रवाह गरेको शुरू मिति :

८.७ मिति सम्म संस्थाको लगानीमा रहिरहेको कर्जामा भाखा नाघेको विवरण (संलग्न राख्ने) :

भाखा नाघेको कर्जाको प्रतिशत :

८.८ लेखा प्रणाली :

८.८.१ दोहोरो लेखा प्रणाली अनुसार छ/छैन :

८.८.२ प्रत्येक वर्ष लेखा परीक्षण भए/नभएको :

८.९ यसभन्दा पहिले कोषबाट कर्जा लिए/नलिएको :

यदि लिएको भए (पछिल्लो पटक लिएको कर्जाको विवरण दिने) :

पटक : मिति :

रकम : चुक्ता मिति :

लाभान्वित परिवार संख्या :

८.१० प्रशासनिक अनुदान प्राप्त गरेको/नगरेको :

गरेको भए :

मिति : रकम :

८.११ कोषबाट कर्जा अस्वीकृत भए/नभएको ? अस्वीकृत भएको भए अस्वीकृत भएको मिति :

९. निर्देशिकाको दफा ९ को प्राथमिकताभित्र संस्था पर्ने/नपर्ने :

१०. संस्था सम्बन्धी :

१०.१ प्रस्तावित कर्जाबाट लक्षित वर्गको आयस्तर सुधार गर्न सहयोग पुग्ने/नपुग्ने :

१०.२ संस्थाले नियमित बचतको लागि प्रोत्साहन गरे/नगरेको :

१०.३ संस्थाबाट लगानी भइरहेको कर्जा उद्देश्य अनुसार सदुपयोग हुने/नहुने गरेको :

१०.४ लगानी भएका कर्जाको नियमित अनुगमन गर्ने गरे/नगरेको :



१०.५ सदस्यहरूमा सीपमूलक तालीमहरू सञ्चालन गर्ने गरे/नगरेको :

१०.६ डुबन्ते ऋण कोष वा ऋण जोखिम कोषको व्यवस्था गरे/नगरेको :

गरेको भए, भाखा नाघेको कर्जा रकम :

११.

| सि.नं. | नाम | पद | योग्यता | पेशा | मोबाईल नं. | अनुभव |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |

१२. सञ्चालक/कार्य समितिमा एकभन्दा बढी एकाघर परिवारका सदस्य संलग्न भए/नभएको ?

भएमा विवरण दिने :

१३. संस्थामा कुन कुन उप-समिति गठन भएको छ/उल्लेख गर्ने ।

(क) लेखा समिति :

(ख) ऋण समिति :

(ग) अन्य समिति (उल्लेख गर्ने) :

१४. सञ्चालक/कार्य समितिको बैठक नियमित बस्ने गरेको/नगरेको :

बैठक बसेको संख्या : पटक (मिति देखि सम्म)

बैठक बस्नुपर्ने संख्या : वार्षिक पटक

१५. साधारण सभा नियमित गर्ने गरे/नगरेको :

पछिल्लो साधारणसभा गरेको मिति र सो मितिसम्मको सदस्य संख्या :

साधारण सभामा उपस्थित सदस्य संख्या र प्रतिशत :

१६. ऋण माग गर्ने सदस्यहरूले नियमित बचत जम्मा गर्ने गरेको/नगरेको :

१७. ऋण माग गर्ने सदस्यहरूको संस्थामा भाखा नाघेको कर्जा बाँकी रहेको/नरहेको :

१८. पछिल्लो अवधिको वित्तीय स्थिति :

१८.१ नाफा-नोक्सान/आय-व्यय विवरण संलग्न राख्ने ।

आ. व. खुद नाफा रु. :

१८.२ वासलात संलग्न राख्ने ।

आ. व. सम्मको जगेडा कोष रु. :

१८.३ सञ्चालन मुनाफा रु. :

१९. नजिकको बैंक तथा वित्तीय संस्थाबाट ऋण माग गर्ने सदस्यले कर्जा लिए/नलिएको :

| क्र.सं. | ऋण लिने सदस्यको नाम | ऋण लिएको बैंक वा वित्तीय संस्था |
|---|---|---|
| १ | | |
| २ | | |

२०. उद्देश्य अनुसार कर्जाको माग विवरण : (कुन उद्देश्यका लागि कर्जा माग गरेको हो सो स्पष्ट खुलाउने । जस्तैः तरकारी खेती, बाख्रापालन आदि)

| सि.नं. | उद्देश्य | संख्या | कर्जा माग रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| | जम्मा | | | |

२१. ऋण माग गरेको मध्ये कट्टा गरिएको ऋणको विवरण :

| सि.नं. | ऋण माग गर्नेको नाम | उद्देश्य | रकम | कट्टा गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| | जम्मा | | | |

२२. स्वीकृतिका लागि सिफारिश गरिएको कर्जाको विवरण : (कुन उद्देश्यका लागि कर्जा माग गरेको हो, सो स्पष्ट खुलाउने । जस्तैः तरकारी खेती, बाख्रापालन आदि)

| सि.नं. | उद्देश्य | लाभान्वित परिवार | संस्थाको स्रोतबाट रु. | कोषको तर्फबाट रु. | जम्मा रु. |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| | जम्मा | | | | |



संस्थाको नाम र ठेगाना : . . . . . . . . . . . .

कर्जा स्वीकृतिका लागि सिफारिस गरिएका सदस्यहरूको विवरण :

(कुन उद्देश्यका लागि कर्जा माग गरेको हो सो स्पष्ट खुलाउने ।

जस्तैः तरकारी खेती, बाख्रापालन, भैंसीपालन आदि)

| क्र.सं. | सदस्यको नाम, थर | ठेगाना | ऋणको उद्देश्य | कोषको तर्फबाट | संस्थाको तर्फबाट | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| कुल : | | | | | | |

२३. निरीक्षण टोलीको राय तथा सुझाव :

प्रतिवेदन पेशकर्ता :

| | |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |
| कोड नं. | कोड नं. |
| मिति : | मिति : |

## अनुसूची - ६

(दफा १० को खण्ड (ठ) को उपखण्ड (२) सँग सम्बन्धित)

### सहकारी संस्थाको कर्जा सदुपयोगिता निरीक्षण प्रतिवेदन

१. संस्थाको नाम :

२. कोषबाट प्राप्त कर्जा रकम : रु.

संस्थाको बैंक खातामा रकम जम्मा भएको मिति :

३. कोषबाट प्राप्त भएको कर्जाबाट लगानी गरेको विवरण :

४. ऋणीहरूले लिएको कर्जा सदुपयोग गरे/नगरेको :

नगरेको पाइएमा उल्लेख गर्ने :

| क्र.सं. | ऋणीको नाम, थर | ठेगाना | ऋण रकम |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| | जम्मा | | |

५. कोषबाट प्राप्त कर्जाबाट गरेको लगानी/असुली विवरण (विवरण संलग्न गर्ने):

६. संस्थाले लगानी गरेको कर्जाको अनुगमन गर्ने गरेको छ/छैन:-

७. संस्थाको मिति : ............................ सम्मको बचत विवरण:-

सदस्य संख्या :........... नियमित बचत गर्ने सदस्य संख्या :

बचत दर : जम्मा बचत रकम : रु..........................

नियमित बचत रकम रु. ............................ प्रतिशत :.....

८. संस्थाको हालसम्मको शेयर विवरण :

सदस्य संख्या : शेयर बिक्री संख्या :

शेयर रकम :

९. संस्थाको हालसम्म लगानीमा रहिरहेको कर्जा विवरण :

ऋणी संख्या : कर्जा रकम :

ब्याजदर :



१०. संस्थाको लगानीमा रहिरहेको कर्जामा भाखा नाघेको कर्जाको विवरण :

(विवरण संलग्न गर्ने)

११. सञ्चालक समिति/कार्य समितिको बैठक नियमित बस्ने गरे/नगरेको :

बैठक बसेको संख्या :

बैठक बस्नुपर्ने संख्या : वार्षिक . . . पटक ।

१२. साधारण सभा नियमित गर्ने गरे/नगरेको :

साधारण सभामा उपस्थित सदस्य संख्या प्रतिशत समेत : संख्या ....... (.....प्रतिशत)

१३. सञ्चालक समिति/अन्य उप-समितिहरूमा परिवर्तन भएको छ/छैन :

(छ भने उल्लेख गर्ने )

सञ्चालक समिति

| सि.नं. | नाम, थर | पद | मोबाईल नं. |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

लेखा समिति

| सि.नं. | नाम, थर | पद | मोबाईल नं. |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

ऋण उप-समिति

| सि.नं. | नाम, थर | पद | मोबाईल नं. |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

अन्य उप-समिति

| सि.नं. | नाम, थर | पद | मोबाईल नं. |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

१४. पछिल्लो वित्तीय स्थिति (बाह्य लेखापरीक्षकद्वारा परीक्षण भएको पछिल्लो विवरण र पूर्व लगानी अध्ययन गर्दाको समयको पछिल्लो समेत समावेश गर्ने) :

१. नाफा-नोक्सान/आय-व्यय विवरण ।

२. वासलात ।

१५. पहिलो किस्ता लगानी गरेको तमसुकका प्रतिलिपीहरू ।

१६. ग्रामीण स्वावलम्बन कोषले तोकेको शर्तहरू पालना गरेको छ/छैन ? ......

अधिकार प्राप्त व्यक्तिको

दस्तखत :

नाम :

पद :

मिति :

संस्थाको छाप :

द्रष्टव्य : आवश्यक देखेमा यस्तो सदुपयोगिता निरीक्षण कोष आफैंले समेत गर्न सक्नेछ र यसरी निरीक्षण गरिएको अवस्थामा सम्बन्धित निरीक्षण टोलीले विभाग समक्ष आफ्नो राय तथा सुझाव सहित छुट्टै प्रतिवेदन पेश गर्नु पर्नेछ ।





..........................सहकारी संस्था लि., ..............

ग्रामीण स्वावलम्बन कोषबाट प्राप्त भएको कर्जाबाट लगानी असुली गरेको विवरण ।

| क.सं. | ऋणीको नाम, थर | ठेगाना | उद्देश्य | ऋण अवधी | ब्याज दर | लगानी रकम | | | लगानी मिति | असुली | | परियोजनाको स्थिति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | संस्थाको तर्फबाट | कोषको तर्फबाट | जम्मा | | साँवा | ब्याज | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | | |
| १३ | | | | | | | | | | | | |
| १४ | | | | | | | | | | | | |
| जम्मा : | | | | | | | | | | | | |

अधिकार प्राप्त व्यक्तिको :

दस्तखत :

नाम :

पद :

मिति :

संस्थाको छाप :

# अनुसूची - ७
## (दफा ११ को खण्ड (ञ) सँग सम्बन्धित)
### अर्ध-वार्षिक प्रगति प्रतिवेदन

संस्थाको नाम/ठेगाना : टेलिफोन नं. :
सम्पर्क व्यक्ति : भौगोलिक कार्यक्षेत्र :

| क्र.सं. | विवरण | गत अर्ध वार्षिकसम्मको | यस अर्ध वार्षिकको | जम्मा |
|---|---|---|---|---|
| | | १ | २ | ३ (१+२) |
| १ | सदस्य संख्या : | | | |
| | (क) पुरुष | | | |
| | (ख) महिला | | | |
| | (ग) अन्य | | | |
| २ | शेयर पुँजी | | | |
| ३ | जगेडा कोष | | | |
| ४ | अन्य कोषहरू | | | |
| ५ | कर्मचारी संख्या | | | |
| ६ | बचत गर्ने सदस्य संख्या : | | | |
| | (क) व्यक्तिगत सदस्य | | | |
| | (ख) संस्थागत सदस्य | | | |
| ७ | बचतको ब्याजदर : | | | |
| | (क) न्यूनतम | | | |
| | (ख) अधिकतम | | | |
| ८ | कुल बचत रकम : | | | |
| | (क) नियमित बचत | | | |
| | (ख) ऐच्छिक बचत | | | |
| | (ग) बाल बचत | | | |
| | (घ) आवधिक बचत | | | |
| | (ङ) नियमित बचत गर्ने सदस्य : | | | |
| | संख्या | | | |
| | प्रतिशत | | | |
| | (च) अन्य | | | |
| ९ | दायित्व : | | | |
| | (क) कोषबाट प्राप्त ऋण | | | |
| | (ख) वाह्य ऋण | | | |
| १० | अन्य दायित्व | | | |
| ११ | नगद मौज्दात | | | |
| १२ | बैंक मौज्दात | | | |
| १३ | लगानीमा रहिरहेको : | | | |
| | (क) कुल कर्जा रकम | | | |
| | (ख) भाखा नाघेको कर्जा रकम | | | |
| | प्रतिशत | | | |
| १४ | आम्दानी : | | | |
| | (क) ऋण सापटीमा ब्याज आम्दानी | | | |
| | (ख) सदस्यता शुल्क | | | |
| | (ग) हर्जाना ब्याज | | | |
| | (घ) शेयर लगानीबाट प्राप्त आम्दानी | | | |
| | (ङ) सामान बिक्रीबाट प्राप्त आम्दानी | | | |
| | (च) प्रवेश शुल्क | | | |
| | (छ) अन्य | | | |



| क्र.सं. | विवरण | गत अर्ध वार्षिकसम्मको | यस अर्ध वार्षिकको | जम्मा |
|---|---|---|---|---|
| | | १ | २ | ३ (१+२) |
| १५ | खर्च : | | | |
| | (क) ऋण सापटीमा ब्याज | | | |
| | (ख) बचतमा ब्याज | | | |
| | (ग) कर्जा वीमा खर्च | | | |
| | (घ) प्रोत्साहन खर्च | | | |
| | (ङ) कार्यालय सञ्चालन खर्च : | | | |
| | (अ) तलब/पारिश्रमिक | | | |
| | (आ) तालीम | | | |
| | (इ) अन्य प्रशासनिक खर्च | | | |
| | (च) ह्रास कट्टी | | | |
| | (छ) शंकास्पद कर्जा व्यवस्था | | | |
| | (ज) अन्य | | | |
| १६ | सञ्चालन नाफा/नोक्सान (१४-१५) | | | |
| १७ | प्राप्त अनुदान | | | |
| १८ | खुद नाफा/नोक्सान (१६+१७) | | | |
| १९ | सञ्चालक समितिको : | | | |
| | (क) बैठक बसेको संख्या | | | |
| | (ख) उपस्थिति प्रतिशत | | | |
| २० | साधारण सभा : | | | |
| | (क) पछिल्लो सभा भएको मिति | | | |
| | (ग) उपस्थित सदस्य संख्या | | | |
| | (घ) उपस्थित प्रतिशत | | | |
| २१ | विविध : (अन्य गतिविधि भए सो समेत उल्लेख गर्ने) | | | |
| | (क) | | | |
| | (ख) | | | |

अधिकार प्राप्त व्यक्तिको

दस्तखत :
नाम :
पद :
मिति :
संस्थाको छाप :

# अनुसूची - ८

(दफा १८ सँग सम्बन्धित)

सहकारी संस्थाले गर्नुपर्ने कबुलियतनामाको ढाँचा

लिखितम नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग, ग्रामीण स्वावलम्बन कोषबाट कर्जा लिने सन्दर्भमा ............................... जिल्ला ............... स्थित श्री ............................................. सहकारी संस्थाले कोषबाट रु. .................... कर्जा प्राप्त गरेको ठीक साँचो हो । उक्त कर्जा रकम ग्रामीण स्वावलम्बन कोष सञ्चालन निर्देशिकाको अधीनमा रही हाम्रो संस्थाको कार्य क्षेत्रमा आयमूलक तथा स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गर्नका लागि परिचालन गर्ने र तोकिएको समयभित्र सम्पूर्ण साँवा तथा ब्याज रकम कोषलाई चुक्ता गर्नेछौं भनी संस्थाको तर्फबाट अख्तियार प्राप्त सञ्चालक/कार्य समितिका हामी तपसीलका पदाधिकारीहरूले कोष समक्ष यो कबुलियतनामा गरेका छौं । कथम्कदाचित ग्रामीण स्वावलम्बन कोषको नियमानुसार कर्जा सदुपयोग नगरेमा वा हाम्रो संस्थाका सदस्यहरूले साँवा र ब्याज रकम बुझाउन नल्याएमा वा प्रचलित कानुनले निषेध गरेको कार्य गरेमा संस्था र हाम्रो व्यक्तिगत घर-घरानामा रहेको चल अचल सम्पत्तिबाट सम्पूर्ण बक्यौता रकम ग्रामीण स्वावलम्बन कोष सञ्चालन निर्देशिकाबमोजिम नेपाल सरकारको बाँकी बक्यौता सरह असुल उपर गरी लिनु भनी हाम्रो मनोमानी राजीखुशीका साथ यो कबुलियतनामा लेखी सही छाप गरी ग्रामीण स्वावलम्बन कोषको सचिवालय नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग, बालुवाटार, काठमाडौंमा बुझायौं ।

कबुलियतनामा गर्ने सञ्चालक समिति/कार्य समितिका पदाधिकारीहरू :

| सि.नं. | नाम | पद | ठेगाना | बाबुको नाम | बाजेको नाम | मोबाईल नं. | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

ईति सम्वत् २० . . साल ........... महिना ......... गते ....... रोज शुभम् -----------

संस्थाको छाप :



# अनुसूची - ९

## सहकारी संस्थाले ग्रामीण स्वावलम्बन कोषसमक्ष कर्जा माग गर्दा पेश गर्नुपर्ने कालोसूचीमा नपरेको सम्बन्धी स्वघोषणापत्र

.......................................................सहकारी संस्था लि.,.............

नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग, अन्तर्गत सञ्चालनमा रहेको ग्रामीण स्वावलम्बन कोषबाट कर्जा लिने सन्दर्भमा ....................जिल्ला ..................स्थित श्री .......................................................... सहकारी संस्था लि.मा हाल सञ्चालक/कार्य समिति र लेखा समितिमा रहेका हामी तपसीलका पदाधिकारीहरू कुनै पनि बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिई कालोसूचीमा नपरेको व्यहोरा स्वघोषणा गर्दछौं । यो स्वघोषणामा उल्लेखित व्यहोरा झुठा ठहरेमा कानुनबमोजिमको कारबाहीको लागि तयार हुने व्यहोरा समेत जानकारी गराउँदछौं ।

सञ्चालक/कार्य समितिका पदाधिकारीहरू :

| सि.नं. | नाम, थर | पद | ठेगाना | मोबाईल नं. | दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

लेखा समितिका पदाधिकारीहरू :

| सि.नं. | नाम, थर | पद | ठेगाना | मोबाईल नं. | दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

ईति सम्वत् २० . . साल ........... महिना ......... गते ....... रोज शुभम् -----------

संस्थाको छाप :